नेपाल सरकार
विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बबरमहल, काठमाडौँ

# घर भाडामा लिने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७०।०८।१७गते)

यस विभागको भवन यसै आर्थिक बर्षबाट भत्काई पुननिर्माण कार्य शुरु गर्नु पर्ने भएकोले विभाग र अर्न्तगत आयोजनाहरु समेतको लागि कार्यालय संचालन तथा भण्डारणको लागि घर भाडामा लिन आवश्यक भएको हुँदा इच्छुक घर धनीहरुले तपसिलमा उल्लिखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस विभागमा आइपुगग्ने गरि सिलबन्दी निवेदन दिनु हुन सम्बधित सबैको जानकारीका लागि यो सूचना प्रकासीत गरिएकोछ ।

१) सार्वजनिक निकायको नाम, ठेगानाः जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाण्डौं ।

२) घर आवश्यक भएको क्षेत्रः पुरानो तथा नयाँबानेश्वर, बद्धनगर, कालिकास्थान, डिल्लीबजार, अनामनगर, बबरमहल, शान्तिनगर, कोटेश्वर, कुपण्डोल, तीनकुने, बत्तीस पुतली, सिनामंगल, पुतलीसडक, क्षेत्रलाई प्राथमिकता दिने गरी रीङ्गरोडभित्र र १ किलोमिटर बाहिरसम्मका क्षेत्रहरु ।

३) भाडामा प्रयोग हुने घर करिव १८,००० बर्ग फिट भएको करीव १०० वटा कोठा र ३ वटा हल वा सो बराबर पार्टिसन गर्न सकिने र २५/३० वटा गाडि पाकिड. र्गन सकिने कम्पाउण्ड भएको हुनु पर्नेछ । साथै कम्पाउण्ड भित्र भए सम्म क्यान्टिन राख्न सकिने टहरा वा कोठाको सुबिधा भएको र गार्डरुम समेत भएको हुनुपर्नेछ ।

४) उपरोक्तानुसारका आवश्यकता एउटा मात्र घरकम्पाउण्ड भएका घरधनीबाट सम्भव नभएमा नजिकका अरु इच्छुक धर धनिहरुले समेत संयूक्तरुपमा निवेदन दिन सक्नेछन् ।

४) घर भाडाको सम्बन्धमा र्साबजनिक खरिद नियमावली, २०६४ को नियम ९४ अनुसार गठित घर भाडा र्निधारण समितिले गरेको दर रेटको आधारमा घर भाडा र्निधारण हुनेछ ।

५) घर धनिले घरको बिस्तृत विवरण सहित नगरिकता, जग्गाधनी प्रमाणपुर्जा, सम्बन्धित महानगरपालिका वा उपमहानगरपालिकाबाट स्वीकृत नक्साको प्रतिलिपि साथै दररेट समेत उल्लेख गरि तोकिएको म्याद भित्र रु १० को टिकट टाँस गरि सिलबन्दी प्रस्ताव पेश र्गनु पर्नेछ ।

६) भाडामा लिइने घरमा पानी तथा बिजुलीको सुबिधा भएको कम्तीमा १६देखि २६ फिटसम्मको पिच सडकसंग जोडिएको र प्रत्येक तलामा शौचालयको सुबिधा भएको हुनु पर्नेछ ।

७) घरधनिहरुबाट आएका प्रस्तावहरु यो सुचना प्रकाशन भएको मितीले ३१ औ दिन घरधनि वा निजको प्रतिनिधिहरुको रोहवरमा यस विभागमा खोलिने छ ।

८) घर भाडामा लिने निर्णय भई सम्झौता भएमा मासिक रुपमा नियमानुसार घर बहाल कर कट्टी गरि घर भाडा रकम घर धनिलाई भुक्तानी दिइनेछ ।

९) घर बहाल सम्बन्धि अन्य कुराहरु र्साबजनिक खरिद नियमावली, २०६४ को नियम ९४ अनुसार हुनेछ ।

**यस सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समयमा यस विभागको प्रशासन शाखामा आई बुझ्न सकिनेछ ।**